# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

फोन नं:. ०७६५५०३८३-
फ्याक्स नं:. ०७६५५००१४-

पत्र संख्या:. २०८१/०८२
चलानी नं:.

## व्यवसायिक पशुपन्छी फर्महरु सुधार/मागमा आधारित पशुपन्छी फर्महरुमा साना यान्त्रिकरण कार्यक्रममा अनुदानको लागी प्रस्ताव आव्हानको सूचना

प्रकाशित मिति २०८१/०५/०२

यस बाणगंगा नगरपालिका,पशु सेवा शाखा,बाणगंगा,कपिलबस्तुको आ.ब. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशीलको अनुसारका कार्यक्रमहरु ५० प्रतिशत लगत साझेदारीमा कार्य गर्न ईच्छुक **कृषक,निजी उद्यमी,कृषक समुह/समिति, सहकारी, व्यवसायिक फार्महरु** ले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समाबेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपशील :

| सि. नं. | कार्यक्रम | इकाई | परिमाण | कुल अनुदान रकम रु.हजारमा | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|---|
| | **लागत साझेदारीमा व्यवसायीक पशुपालन फर्महरुको सुधारको लागी अनुदान कार्यकम** | | | | |
| १ | ५० प्रतिशत अनुदानमा गाई/भैसी/बाखा/बंगुर/कुखुरा तथा मत्स्य फार्म सुधार | संख्या | आ.अ. | ७५० | बा.न.पा. क्षेत्र भित्र |
| २ | ५० प्रतिशत अनुदानमा पशुपन्छी फर्महरुमा प्रयोग हुने साना यान्त्रिकरण सामाग्रीहरु खरीद | संख्या | आ.अ. | ३०० | बा.न.पा. क्षेत्र भित्र |

**व्यवसायिक कार्य योजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपी
२. अनुसूची – २ अनुसारको ढांचामा निबेदन फारम
३. अनुसूची – ४ अनुसार संक्षिप्त व्यवसायिक कार्य योजना
४. तालिम, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु
५. निजी फार्म/समुह/समिति/सहकारी प्रचलित कानून बमोजिम दर्ता/नबीकरण प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्वर/भ्याटमा दर्ता भएको प्रमाणपत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाणको प्रतिलिपी
७. अनुसूची – ५ अनुसार परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्वता पत्र
८. समुह/समिति/सहकारीको हकमा संस्थाका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्ने निर्णयको प्रतिलिपि
९. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान
१०. जग्गाको लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गाको हकमा भए ५ बर्षको सम्झौता को प्रतिलिपि

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

नोट :

- आवश्यक फर्मेटहरु **Website : bangangamun @ gov.np** बाट समेत **download** गर्न सकिनेछ।
- प्रस्ताव दर्ता एवं थप जानकारीको लागी बाणगंगा नगरपालिका पशु सेवा शाखा,बाणगंगा,कपिलबस्तुमा सम्पर्क राख्न सकिनेछ। सम्पर्क नं. ९८५७०५४७५६/९८४७१४२१०२